## लोककल्याणकारी विज्ञापन र जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रशारण तथा वितरण सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना: विद्युतीय सञ्चार माध्यमहरुलाई मन्त्रालय र सञ्चार रजिष्ट्रारको समन्वयमा लोककल्याणकारी विज्ञापन र जनचेतनामूलक प्रचार सामग्री निर्माण गर्ने, वितरण गर्ने तथा प्रशारण गर्ने सम्बन्धमा आ.व. २०८१।०८२ को विनियोजित बजेटको उपशीर्षक नं. ३१४०००१२, खर्च शिर्षक नं. २२५२२ मा स्वीकृत कार्यक्रम कार्यान्वयनको कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. कार्यविधिको नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "लोक कल्याणकारी विज्ञापन र जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रशारण तथा वितरण कार्यविधि, २०८१" रहने छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "विद्युतीय सञ्चार माध्यम" भन्नाले प्रदेश कानून बमोजिम प्रदेश सरकारमा दर्ता भई नियमित रूपमा प्रशारणमा रहेका केवलमा आधारित टेलिभिजन, एफ.एम रेडियो र प्रदेश सरकारमा दर्ता र नवीकरण भई सञ्चालनमा रहेका अनलाइन सञ्चार माध्यम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बागमती प्रदेश सरकार, सञ्चार रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(घ) "जनचेतनामूलक प्रचार सामग्री" भन्नाले निर्देशक समितिको निर्देशानुसार सञ्चार रजिष्ट्रारको कार्यालयबाट प्रकाशन तथा प्रशारण गर्न स्वीकृत गरेको शिक्षा, स्वास्थ्य, दैवीप्रकोप, खेलकुद, कानून, सुरक्षा तथा ट्राफिक व्यवस्थापन, विद्यूतीय तथा साइबर अपराध निरुपण लागायत सामाजिक क्षेत्रमा चेतना अभिवृद्धि गर्ने प्रकृतिका जानकारीमूलक, चेतनामूलक शैक्षिक एवं सूचनामूलक जनजागरको प्रचार प्रसार सामग्री सम्झनु पर्छ।

(ङ) "लोककल्याणकारी विज्ञापन" भन्नाले निर्देशक समितिको निर्देशानुसार सञ्चार रजिष्ट्रारको कार्यालयबाट प्रकाशन तथा प्रशारण गर्न स्वीकृत गरेको राष्ट्रिय तथा प्रदेशस्तरीय स्वास्थ्य बिमा, राष्ट्रिय सम्पदा, संस्कृति, प्रदेशस्तरीय सांस्कृतिक, खेलकुद तथा पर्यटकीय महोत्सव, औद्योगिक तथा सांस्कृतिक महोत्सव, स्थानीय

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

कृषि, पशु तथा बनस्पतिजन्य उत्पादन आदि क्षेत्रको प्रवर्द्धन तथा प्रचारप्रसारको लागि लोकहितमा जारी गरिएको विज्ञापन तथा सूचना सम्झनुपर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. <u>निर्देशक समितिको गठनः</u> (१) विद्युतीय सञ्चार माध्यमहरुको लागि समन्वय गर्न र विद्युतीय सञ्चार माध्यमको बर्गीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

(क) सञ्चार रजिष्ट्रार, सञ्चार रजिष्ट्रारको कार्यालय, -संयोजक

(ख) उपसचिव, कानून तथा प्रदेश सभा मामिला महाशाखा, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ -सदस्य

(घ) अधिकृत, प्रकाशन शाखा, सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य

(ङ) अधिकृत, प्रशारण शाखा, सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालयको काम प्रशारण तथा सूचना शाखाले गर्नेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारणको लागि आवेदन मागको सूचना प्रकाशन तथा प्रशारण गर्न कार्यालयलाई उपयुक्त समयमा निर्देशन दिने,

(ख) प्रशारण गरिने जनचेतनामूलक प्रचार सामग्रीको छनौट तथा सिफारिस, प्रशारण तालिका र रकम निर्धारण गर्न कार्यालयलाई निर्देशन गर्ने,

(ग) प्राप्त आवेदनहरु छानवीन गरी शर्त पूरा गरेका विद्युतीय सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामग्री प्रशारणको अनुमति दिनु अगाडि निर्देशक समितिबाट स्वीकृत गराउने,

(घ) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारणको अनुगमन गर्ने,

(ङ) वर्गीकृत विद्युतीय सञ्चार माध्यमलाई उपलब्ध गराउने रकम बाँडफाँटको सिफारिस गर्ने,

डा. सुरज चन्द्र लामिछाने
मन्त्री

(च) सञ्चार संस्था र कार्यालयबीच कुनै विषयमा विवाद भएमा उक्त विवाद समाधान गर्ने,

(छ) समितिले आवश्यक देखेका अन्य कामहरू।

५. <u>सूचना प्रकाशन गरिने:</u> (१) समितिले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारण तथा प्रकशन गर्न चाहने विद्युतीय आमसञ्चार माध्यमको जानकारीका लागि कार्यालयले न्यूनतम १५(पन्ध्र) दिनको समयावधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनामा उल्लिखित म्यादभित्र प्रशारण तथा प्रकाशन संस्थाहरुले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारणमा भाग लिन अनुसूचीबमोजिमको ढाँचामा फाराम भरी कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र निवेदन दिन छुटेका सञ्चारमाध्यमले थप सात दिनभित्र दर्ता शुल्कको पच्चीस प्रतिशत विलम्ब शुल्क प्रदेश सरकारको राजस्व खातामा जम्मा गरेको भौचर पेस गरी अनुसूची बमोजिमको फाराम भरी कार्यालयमा दर्ता गर्न सक्नेछन्।

(४) आवेदन पेश गर्ने फाराम कार्यालयको वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

(५) विद्युतीय आमसञ्चार माध्यमले आवेदन पेश गर्दा फारम साथ देहाय बमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछः-

(क) टेलिभिजनको लागी एक हजार रुपैयाँ मात्र।

(ख) एफ.एम. रेडियोको लागी पाँच सय रुपैयाँ मात्र।

(ग) अनलाइनको लागि पाँच सय रुपैयाँ मात्र।

(६) प्रकाशन तथा प्रशारण संस्थाहरुले वर्गीकरणको फाराम दर्ता गराउँदा प्रदेश सरकारको राजस्व खातामा रकम जम्मा गरेको भौचर संलग्न गरी कार्यालयमा निवेदन दिन वा भौचर स्क्यान गरी कार्यालयको इमेल ठेगानामा पठाएर दर्ता गराउन सकिनेछ।

६. <u>विद्युतीय सञ्चार माध्यमहरुको वर्गीकरण:</u> (१) दफा ५ बमोजिम दर्ता भएका र दफा ७ बमोजिमका शर्त पूरा गरेका सञ्चार माध्यमहरुको समितिको सिफारिसमा कार्यालयले देहाय बमोजिम विद्युतीय सञ्चार माध्यमको वर्गीकरण गर्नेछः-

(क) विद्युतीय आमसञ्चार माध्यमहरु मध्ये एफ.एम. रेडियोको हकमा वाट क्षमताको आधारमा देहायबमोजिम तीन तहमा वर्गीकरण गरिनेछः-

(१) २५० वाटसम्म

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(२) २५०वाट भन्दा वढि ५०० वाटसम्म

(३) ५०० वाट भन्दा वढि १००० वाटसम्म।

(ख) विद्युतीय सञ्चार माध्यमहरुको प्रविधिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(१) केबल टेलिभिजन,

(२) अनलाइन सञ्चार माध्यम

(२) नियमित प्रशारणमा आएपछि मात्र कुनै पनि प्रशारण संस्था जनचेतनामूलक प्रचार सामग्रीको प्रशारणको लागि योग्य हुनेछ।

(३) प्रदेश सरकारमा दर्ता भई पछिल्लो आर्थिक वर्षसम्म नवीकरण भएका प्रशारण तथा प्रकाशन संस्थालाई मात्र लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारण गर्न अनुमति दिइनेछ।

तर एक आर्थिक वर्ष पूरा नभए पनि नियमित प्रशारण अनुमति प्राप्त गरेको संस्थाको हकमा नवीकरण अनिर्वाय हुने छैन।

(४) विद्युतीय सञ्चार माध्यमको प्राविधिक मूल्यांकनका लागि समितिले विशेषज्ञको सहयोग लिन सक्नेछ।

(५) कार्यविधि स्वीकृत भएको मिति भन्दा पछाडि दर्ता भएका अनलाइन सञ्चार माध्यम चालु आर्थिक वर्षको लोककल्याणकारी विज्ञापन तथा जनचेतना मूलक प्रचार सामग्री प्रकाशन तथा प्रशारण गर्न योग्य हुने छैनन्।

७. <u>विद्युतीय सञ्चार माध्यमहरुले पालना गर्नु पर्ने शर्तहरुः</u> सञ्चार माध्यमहरुले जनचेतनामूलक प्रचार सामग्री प्राप्त गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

(क) नेपालको संविधान र प्रचलित कानूनहरुको पालना गरेको,

(ख) प्रचलित कानून बमोजिम हरेक वर्ष नवीकरण भएको,

(ग) पछिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ताको प्रमाण पेश गरेको, तर एक आर्थिक वर्ष पूरा नभएका संस्थाको हकमा नवीकरण अनिर्वाय हुने छैन।

(घ) श्रमजीवि पत्रकार सम्बन्धी ऐन र नियम पालना गरेको,

(ङ) आम सञ्चार सम्बन्धी प्रचलित आचार संहिता पालना गरेको,

(च) तीस प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रशारण नगरेको,

(छ) वर्षको ३६५ दिनमा कम्तिमा पनि ३३० दिन नियमित प्रशारण तथा प्रकाशन भएको,

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(ज) प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रशारण भएको,

(झ) टेलिभिजन, एफ.एम रेडियोको हकमा प्रचार सामग्रीको समय कार्यक्रमको एक तिहाई भन्दा बढी नभएको,

८. <u>लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको निर्माण:</u> (१) समितिको सिफारिसका आधारमा कार्यालयले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको विषयवस्तु निर्माण गर्नेछ।

(२) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको विषयवस्तु निर्धारण गर्दा सामाजिक साँस्कृतिक विविधतालाई सम्मान गरिनेछ।

(३) प्रचार सामग्री निर्माणमा एकरुपता कायम गरिनेछ।

(४) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री निर्माण सम्बन्धी सबै कार्य निर्देशक समितिको निर्देशानुसार कार्यालयले गर्नेछ।

(५) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री निर्माण सम्बन्धी माथि जेसुकै लेखिएको भए तापनि प्रदेश मन्त्रालयहरुले निर्माण गरी हस्तान्तरण गरेका प्रचार सामग्री, कार्यालयले प्रशारण तथा प्रकासन गर्न/गराउन सक्नेछ।

(६) कार्यालयले प्रशारण तथा प्रकाशन गर्न पठाएका सामग्री प्रकाशन तथा प्रशारण गर्नु सम्बन्धित सञ्चार संस्थाको दायित्व हुनेछ।

९. <u>लोककल्याणकारी विज्ञापन तथा जनचेतनामुलक प्रचार सामग्री प्रशारण तथा प्रकाशनको मिति, समय तथा आवृति:</u> (१) समितिको निर्णयानुसार प्रशारण तथा प्रकाशन संस्थाले लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको लागि विशेष प्राईम, प्राईम तथा साधारण समय छुट्याउनु पर्नेछ।

(२) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री व्रर्गीकरणको आधारमा दैनिक कति पटक, कुन समयमा प्रशारण गर्ने भन्ने सम्बन्धमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यालयले दिएकी निर्देशन प्रशारण संस्थाले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(४) प्रशारण तथा प्रकाशन संस्थाले प्रसारित तथा प्रकाशित सामग्रीको स्पष्ट प्रमाण खुल्ने गरी अभिलेख राख्नु पर्नेछ।

(५) समितिको सिफारिस अनुरुप वर्गीकृत भईसकेपछि त्यस्ता प्रशारण तथा प्रकाशन संस्थाहरुलाई समितिको निर्णय र निर्देशन बमोजिम कार्यालयले विज्ञापन प्रशारण तथा प्रकाशनको मिति, समय, स्थान र आवृत्ति उपलब्ध गराउनु पर्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(६) प्रशारण तथा प्रकाशन सामग्री कार्यालयको वेबसाइट मार्फत प्राप्त गर्न सकिनेछ।

(७) सञ्चार माध्यमले प्रकाशित तथा प्रसारित सामग्री सम्बन्धित सञ्चार मध्यमको लोगो सहित कार्यालयमा पठाउनु पर्नेछ।

१०. <u>प्रकाशन तथा प्रशारण निरीक्षण व्यवस्थाः</u> (१) कार्यालयले तोकेका लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारण तथा प्रकाशन भए नभएको सम्बन्धमा कार्यालय तथा समितिले अनुगमन तथा निरिक्षण गर्न सक्नेछ।

(२) समितिले निरिक्षणको बखत मागेका कागजात देखाउनु सम्बन्धित सञ्चार संस्थाको कर्तव्य हुनेछ।

(३) सञ्चार माध्यमले पत्रकारिता सम्बन्धी आचार संहिता पालना गरे नगरेको सम्बन्धमा समितिले निरिक्षण गर्न सक्नेछ।

(४) तीन पटकभन्दा बढी आचारसंहिता उलङ्घन गरेको पाइएमा त्यस्तो सञ्चार संस्था लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको लागि अयोग्य ठहरिनेछ।

(५) गाली बेइज्जती सम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा एक वर्षसम्मका लागि लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराइनेछैन।

(६) नियमानुसार तिर्नुपर्ने कर फछ्यौंट नगरेमा त्यस्ता सञ्चार माध्यम लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको लागि अयोग्य हुनेछ।

११. <u>बजेट बाँडफाँड प्रक्रियाः</u> (१) लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रशारण तथा प्रशासनिक खर्च विद्युतीय सञ्चार माध्यमहरुका लागि विनियोजित बजेटबाट रकम बाँडफाँड गरिनेछ।

(२) उपदफा (१) बमोजिम रकम बाँडफाँट गर्दा लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री निर्माण तथा प्रशासनिक खर्चका लागि १५ प्रतिशत र लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री प्रशारणका लागि ८५ प्रतिशत रकम बाँडफाँट गरिने छ।

१२. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरु कार्यान्वयनको क्रममा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

तर यस कार्यविधिमा रहेका कुनै विषय कार्यान्वयन गर्न थप आर्थिक व्यय भार पर्ने देखिएमा वा थप आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिनुपर्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची

(दफा ५ सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्रीको लागि आवेदन फाराम**

मितिः..............................

श्री सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश।

विषयः लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री माग सम्बन्धी।

१. इजाजत पत्र नं.:
२. संस्थाको नामः
३. विद्युतिय संचार माध्यमको ठेगानाः-
४. संस्था दर्ता नं.:-
५. स्थायी लेखा नं.:-
६. ई-मेल ठेगानाः
७. सम्पर्क नं.:
८. प्रशारण तथा प्रकाशनमा प्रयोग हुने कलसाइन/ Domin Name:
९. फ्रिक्वेन्सीः
१०. प्रशारण क्षमता :
११. प्रशारण तथा प्रकाशन शुरु भएको मितिः
१२. प्रशारण तथा प्रकाशनमा प्रयोग हुने भाषाः
१३. प्रशारणको समयावधिः
१४. प्रशारण तथा प्रकाशन गरिने कार्यक्रमको प्रकृतिः अडियो/भिडियो/व्यानर

लोककल्याणकारी विज्ञापन तथा जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रशारण तथा बितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ बमोजिमका शर्तहरु अक्षरंस पालना गर्ने/गरेको छु।

संस्थाको छाप

आवदेनको सूचनामा राखिने विवरण

निवेदनसँग संलग्न गर्नु पर्ने कागजातहरुः

(क) संस्था दर्ता प्रमाण-पत्र
(ख) संस्था अध्यावधिक प्रमाण-पत्र
(ग) कर चुक्ता प्रमाण-पत्र
(घ) दफा ५ वमोजिमको दर्ता शुल्क बुझाएको भौचरको प्रतिलिपि

मा. सुरज चन्द्र लामिछाने
मन्त्री